# प्रेस विज्ञप्ती







सिटि होटेल लि. ले सर्वसाधारण (कम्पनीका कर्मचारी र सामुहिक लगानी कोष समेत) मा जारी पूँजीको दश (१०) प्रतिशतका दरले प्रति शेयर अंकिम मूल्य रु.१००/– मा साधारण शेयरको सार्वजनिक निष्कासन गर्नको लागि ग्लोबल आइएमई क्यापीटल लि. लाई निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ। सो सम्बन्धमा कम्पनी र क्यापिटल बीच आज मिति २०७८/०८/०७ गते धितोपत्र निष्कासन तथा बिक्री प्रबन्ध सम्बन्धी सम्झौता सम्पन्न भएको छ। कम्पनीका कार्यकारी निर्देशक श्री अक्षाय गोल्याणको उपस्थितिमा सम्झौतापत्रमा कम्पनीको तर्फबाट अध्यक्ष श्री शक्ति कुमार गोल्याण र क्यापीटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री पारस मणी ढकालले हस्ताक्षर गर्नुभएको छ।

यस कम्पनीले मिति २०७८।०७।१५ बाट सोल्टिमोड, काठमाडौंमा **पाँच तारे होटल**, **ह्यात प्लेस** सञ्चालनमा ल्याएको छ । उक्त होटलमा गोल्याण ग्रुप, कमलेश अग्रवाल, हरिशचन्द्र सुवेदी लगायतका देशका प्रख्यात उद्यमी व्यापारी वर्गहरुको लगानी रहेको छ । १५३ ओटा कोठा रहेको उक्त पाँच तारे होटलमा लाइभ म्यूजिक सहितको रेष्टुरेन्ट, ब्यांक्वेट हल, जिम, स्विमिङ्ग पुल र ४०० जना सम्मको क्षमता भएको कन्फरेन्स हल लगायतका सुविधाहरु रहेका छन् ।

अमेरिकामा रहेको Hyatt Hotels Corporation को चेन ब्राण्डको रुपमा विश्वका विभिन्न देशहरुमा १,००० ओटा भन्दा बढि अन्तराष्ट्रिय स्तरको ह्यात होटलहरु स्थापना भइ सञ्चालन भइरहेका छन् । सोहि अन्तराष्ट्रिय ब्राण्डको रुपमा **ह्यात प्लेस** सोल्टिमोडमा **पाँच तारे होटलको** रुपमा विश्वस्तरीय सुविधाहरु सहित सञ्चालनमा आएको हो ।